आ.व. २०८०।०८१
बैठक:- नगर कार्यपालिका बैठक
अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

बैठक नं ०९।०८०।०८१
मिति:-२०८०।१२।०९ गते
स्थान:- ता.न.पा मिनिहल
समय:- दिउँसो २:०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| – | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा. २ | सदस्य |
| – | श्री बाबुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| – | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा ८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदास | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री हरिराम नागिला | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |

निर्णय नं. १

तानसेन नगर कार्यपालिकाको चालु आ.व.०८०।०८१ मा भएका हालसम्मका बैठकहरुबाट भएका निर्णयहरुको कार्यान्वयनको बारेमा समीक्षा गरियो । नगर कार्यपालिकाको बैठक हरेक महिनाको २८ गते बिहान ७:३० बजे नियमित बस्ने निर्णय गरियो ।

निर्णय नं. २

तानसेन नगरपालिकाको करार जनशक्ति व्यवस्थापन कार्यविधि, २०७५ मा निम्नानुसारको संशोधन/थप गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

| हाल भएको | संशोधन | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| तानसेन नगरपालिकाको करार जनशक्ति व्यवस्थापन कार्यविधि | तानसेन नगरपालिकाको सेवा करार जनशक्ति कार्यविधि | |
| अन्तवार्ता तथा सूचीकरण समितिमा प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षता । | अन्तवार्ता तथा सूचीकरण समितिमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतको अध्यक्षता । | जनशक्ति व्यवस्थापन प्रकृयालाई छिटो छरितो बनाउन । |
| दैनिक ज्यालादारीमा कर्मचारीको पदपूर्ति गर्ने । | ३ महिनाको लागि हेरालु, माली तथा बगैचे जस्ता दैनिक ज्यालादारीको पदमा तत्काल आवश्यक परेमा नगर प्रमुखको निर्णयबाट गर्न सकिने । | संघ, प्रदेश र स्थानीय कानून बमोजिम ज्यालादारी कर्मचारीको व्यवस्थापन र नियमन प्रभावकारी बनाउन र सिघ्र सेवा प्रभावकारी बनाउन । |

निर्णय नं. ३

तानसेन नगरपालिकाको फोहरमैला व्यवस्थापनको लागि गठित समितिबाट पेश भएको प्रतिवेदन स्वीकृत गरी कार्ययोजना बमोजिम कार्य प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ४

तानसेन नगरपालिका भित्रका सार्वजनिक क्षेत्रहरुमा व्यवसायिक रुपमा संचालन र उपभोग गर्नेगरी मेला तथा महोत्सव हुदै आएकोले यस्ता सबै खालका मेला तथा महोत्सवहरुलाई नियमन गर्नका लागि राजश्व शाखा मार्फत कार्यविधि तयारी गरी उक्त कार्यविधि नगरपालिकाको विधायन समितिमा छलफलका लागि पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५

तानसेन नगरपालिका वडा नं. १३ बोटेगाउँ र वडा नं. १४ को कुशेनी क्षेत्रमा एकिकृत सेवा सहितको घुम्ती शिविर संचालन गर्ने निर्णय गरियो ।

<u>घुम्ती शिविरमा प्रदान गरिने सेवाहरु,</u>

(क) बिरामीहरुको स्वास्थ्य परीक्षण र औषधी वितरण

(ख) अपाङ्गता र जेष्ठ नागरीक परिचय पत्र वितरण

(ग) कृषि समूह दर्ता तथा बीऊबिजन वितरण

(घ) पशुपंक्षी सम्बन्धी रोगको उपचार तथा औषधी वितरण

(ङ) व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा

(च) हिंसा पिडितलाई मनोसामाजिक परामर्श

२०८०।१२।०९

(छ) घर सम्पन्न तथा अभिलेखिकरणको प्रमाण पत्र वितरण

निर्णय नं. ६

तानसेन नगरपालिकाबाट आगामी आ.व. २०८१।०८२ को लागि समपुरक अनुदान तर्फ देहाय बमोजिमका योजनाहरु लुम्बिनी प्रदेश सरकारमा पठाउने निर्णय गरियो ।

देहाय :

| समपुरक प्रदेशतर्फ (आ.व. २०८१/०८२) | | |
|---|---|---|
| क.सं. | योजना | कैफियत |
| १ | प.प.स्कुल देखि श्रीनगरडांडा जाने पथमार्ग स्तरोन्नती (वडा नं. ३) | |
| २ | बागवानी कल्भर्ट हुँदै रक्साह ढल व्यवस्थापन (वडा नं. ४) | |
| ३ | १०नं.वडा कार्यालयदेखि बालकन्या प्रा.वि.सम्मको सडक स्तरोन्नती(वडा नं.१०) | |
| ४ | चण्डीभञ्जयाङ-खयरतुङ नामिकुवाँ सडक स्तरोन्नती (वडा नं. ११) | |
| ५ | पालेपिपल-हात्तिगौरा सडक स्तरोन्नती (वडा नं. ६) | |
| ६ | प्रभास कमलपोखरी हुँदै बाघखोर सम्म सडक स्तरोन्नती (वडा नं. ७) | |
| ७ | कालिगण्डकी करिडोर छेलुंङ देखि सिदुर्दीघाट सम्म मोटरबाटो (वडा नं. १३) | |

निर्णय नं. ७

तानसेन नगरपालिकाको चालु आ.व. २०८०/०८१ को लागि हालसम्म प्राप्त बजेट निकासाको अवस्थाको बारेमा समिक्षा गरियो । साथै तानसेन नगरपालिकाबाट चालु आ.व. २०८०।०८१ को फाल्गुण महिनासम्मको आय व्ययको विवरण यस बैठकमा पेश भएकोमा यस उपर छलफल भई आय रकम रु. ५१०,६३४,०५५ र व्यय रकम रु.३७७,११७,९११ स्वीकृत गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

तानसेन नगरपालिकाको आयोजनामा मिति २०८० फाल्गुण ३० गते यस नगरपालिकाको वडा नं. १३ मा संचालन गरिएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन उपर छलफल भएकोमा बैठकबाट प्राप्त सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

तानसेन नगरपालिका वडा नं. ९ स्थित मदनपोखरा स्वास्थ्य चौकीमा कार्यरत सी.अनमी सहायक स्तर पाँचौ तह गिता अर्याल बस्यालले BNS (Bachelor of Nursing Science) अध्ययनको लागि मनोनयन भइसकेको हुँदा निजलाई नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य समन्वय महाशाखा बहुक्षेत्रीय समन्वय शाखाको च.नं.१२२ मिति २०८० ११।३० को पत्र बमोजिम हुने र दोहोरो सुविधा नहुने गरी तलबी अध्ययन बिदा स्वीकृतिको लागि मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, लुम्बिनी प्रदेशलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

महालेखा परिक्षकको कार्यालयबाट गरिएको आ.व. २०७९।०८० को प्रारम्भिक म.ले.प प्रतिवेदन उपर छलफल गरियो । म.ले.प. प्रतिवेदनले औंल्याएका बेरुजू तदारुकताका साथ फर्छ्यौट गर्ने र प्राप्त सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

२०८०।१२।०६
निर्णय प्रमाणिकरण

निर्णय नं. ११

तानसेन नगरपालिका वडा नं. १३ बोटेगाउँमा नागरीकता वितरण गर्ने कार्यको लागि घुम्ति सेवा शिविर सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालय, पाल्पालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

तानसेन नगरपालिकाबाट आगामी आ.व. २०८१।०८२ को लागि देहाय बमोजिमका योजनाहरुको आवस्यक बजेट विनियोजनका लागि माग गरी पठाउने निर्णय गरियो ।

| पुरातत्व विभाग (आ.व. २०८१/०८२) | | |
|---|---|---|
| क्र.सं. | योजना | पेश गरिने मन्त्रालय/विभाग |
| १ | **पाल्पा दरवार परिसर भित्र सौन्दर्यकरण कार्ययोजना**<br>क) तिनसाँचा भवन मर्मत तथा पुर्ननिर्माण कार्य<br>ख) परिसर भित्रको पथमार्गमा ढुङ्गा छपाइ कार्य<br>ग) परिसर भित्र बगैंचा (फुलवारी) निर्माण कार्य<br>घ) परिसर भित्र आधुनिक शौचालय निर्माण कार्य<br>ङ) मुलढोकाका दाँया-बाँयाका भवनहरुको निर्माण कार्य | पुरातत्व विभाग |
| २ | पाल्पा मुलढोका निर्माण कार्यको क्रमागत बजेट विनियोजनका लागि निवेदन पेश गर्ने । | |

| संघतर्फको सर्सत कार्यक्रम (आ.व. २०८१/०८२) | | |
|---|---|---|
| क्र.सं. | योजना | पेश गरिने मन्त्रालय/विभाग |
| १ | **नारायणस्थान होलाङदी बागवानी ढल व्यवस्थापन कार्ययोजना**<br>क) नारायणस्थान देखि तिनधारा हुँदै बर्तुङ कुनसरे ढल निर्माण<br>ख) होलाङदी देखि रक्साह हुँदै प्रभास ढल निर्माण<br>ग) बागवानी देखि विसमुरे हुँदै रक्साह ढल निर्माण | शहरी विकास मन्त्रालय |
| २ | **श्रीनगर सौन्दर्यकरण कार्यक्रम**<br>(क) बगैचामा बाटो ढुङगा छपाई कार्य<br>(ख) निर्मित रेष्टुरा गृहको मर्मत कार्य<br>(ग) बाल उद्यान कार्यक्रम | वन तथा वातावरण मन्त्रालय |
| ३ | अमरनारायण बगैंचा (फुलवारी) स्तरोन्नती कार्ययोजना | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |